**कोरोना भाइरससम्बन्धी प्रदेश १ को अवस्था**
**मोरङ । ०७७ वैशाख ६ गते**
कोशी अस्पताल कोभिड - १९ कोरोना उपचार केन्द्रमा १२ जना कोरोना सङ्क्रमित भर्ना भएका छन् । कोरोना सङ्क्रमित ती बिरामीहरूलाई उदयपुरबाट वैशाख ५ गते एम्बुलेन्सबाट विराटनगर ल्याइएको हो । प्रदेश १ मा वैशाख ६ गतेसम्म ६८ जना महिला र ३ सय ३ जना पुरूषसहित ३ सय ७१ जनाको स्वाब परीक्षण गरिएको छ । स्वाव परीक्षण गरिएकामध्ये १२ जना पुरूषको रिपोर्ट पोजेटिभ आएको छ । ५७ जना महिला र २ सय ८६ पुरूष गरी ३ सय ४३ जनाको रिपोर्ट नेगेटिभ आएको छ । २८ जनाको रिपोर्ट आउन बाँकी छ । वैशाख ६ गतेसम्म प्रदेश १ मा ६२ जना महिला र ५ सय ४४ पुरूषसहित ६ सय ६ जनालाई क्वारेन्टाइनमा राखिएको छ । क्वारेन्टाइनमा बसेका चार जना महिला र १६ जना पुरूष गरी २० जना डिस्चार्ज भएका छन् । होम क्वारेन्टाइनमा ४ हजार ९४ जना बसेका छन् । प्रदेशभरी ६ सय ९० जना महिला र ३ हजार ४ सय ४ जना पुरूष होम क्वारेन्टाइनमा बसेको प्रदेश १,मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ । प्रदेश १ मा वैशाख ६ गतेसम्म २ सय १० जना महिला र १ हजार ३ सय १६ पुरूष गरी १ हजार ५ सय २६ जनाको र्‍यापिड डायग्नोष्टिक टेष्ट (आरडिटी) गरिएको छ । तीन जनाको रिपोर्ट पोजेटिभ आएको छ । १ हजार ५ सय २३ जनाको रिपोर्ट नेगेटिभ आएको छ । प्रदेश १ मा वैशाख ६४ गतेसम्म ६ सय ८३ थान व्यक्तिगत सुरक्षा उपकरण (पीपीइ) वितरण गरिएको छ ।

**मोरङ जिल्ला प्रतिनिधि नेत्रप्रसाद अधिकारी**का अनुसार ०७७ वैशाख ६ गतेसम्म मोरङमा १ सय ७९ जना पुरूष र २० जना महिला गरी १ सय ९९ जनालाई क्वारेन्टाइनमा राखिएको मोरङ प्रहरीले जनाएको छ । मोरङमा वैशाख ६ गतेसम्म आईसोलेशनमा ३४ जना भर्ना भएका छन् । कोशी अस्पतालमा १९जना , कोभिड १९ उपचार केन्द्रमा १२ जना र पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँमा तीन जना रहेका छन् । मोरङमा ९६ ओटा आईसोलेशन वेड तयार गरिएको छ । मोरङमा वैशाख ६ गते सम्म १ हजार १ सय ९१ जना पुरूष र २ सय ५६ जना महिला गरी १ हजार ४ सय ४७ जनालाई होम क्वारेन्टाइनमा राखिएको छ । मोरङमा ७२ जनाको स्वाब परीक्षण गरिएकोमा ७० जनाको रिपोर्ट नेगेटिभ आएको छ । दुई जनाको आउन बाँकी छ । मोरङमा वैशाख ६ गतेसम्म ३ सय ६४ जनाको र्‍यापिड डायग्नोष्टिक टेष्ट (आरडिटी) गरिएको छ । एक जनाको रिपोर्ट पोजेटिभ आएको छ । ३ सय ६३ जनाको आरडिटी रिपोर्ट नेगेटिभ आएको छ ।
कोशी अस्पताल कोभिड - १९ कोरोना उपचार केन्द्रमा १२ जना कोरोना सङ्क्रमित भर्ना भएका छन् । कोरोना सङ्क्रमित ती बिरामीहरूलाई उदयपुरबाट वैशाख ५ गते एम्बुलेन्सबाट विराटनगर ल्याइएको हो । त्रियुगा नगरपालिका-३ भुल्केस्थित एक मस्जिदमा बस्दै आएका उनीहरूमा कोरोना पोजिटिभ देखिएपछि विराटनगर ल्याइएको हो । र्‍यापिड टेस्टमा कोरोना नेगेटिभ आएपनि थ्रोट स्वाबबाट गरिएको पीसीआर परीक्षणमा उनीहरूमा पोजेटिभ देखिएको थियो । उनीहरूको कोरोना उपचार केन्द्रमा उपचार भइरहेको कोशी अस्पताल कोरोना उपचार व्यवस्थापन समितिका संयोजक डा. लक्ष्मीनारायण यादवले जानकारी दिनुभयो । विराटनगर ल्याइएका बिरामीहरूमा रूघाखोकी र ज्वरोको समस्या देखिएपनि अवस्था चिन्ताजनक नरहेको उहाँले जानकारी दिनुभयो । बिरामीहरूमा देखिएको लक्षणका आधारमा उनीहरूको उपचार भइरहेको यादवले बताउनुभयो । विराटनगर ल्याइएका सङ्क्रमितहरू सबै पुरूष हुन् र उनीहरू चार जना २८ वर्षका, दुई जना २९ वर्षका छन् । त्यस्तै अरू ३४, २६, २२, २५, २० र ४० वर्षका छन् । बिरामीहरूमध्ये एक नेपाली र ११ जना भारतीय रहेको प्रदेश १ को सामाजिक विकास मन्त्रालयले जनाएको छ ।
मोरङको कटहरीमा उत्पादित तरकारी खेर गईरहेको प्रति प्रदेश सरकारको ध्यानाकर्षण भएको छ । लकडाउनका कारण किसानहरूले उत्पादित तरकारी बजारमा लैजान नपाउँदा बारीमै कुहिन थालेको गुनासो गरेपछि प्रदेश सरकारको समन्वयमा किसानको तरकारी उठ्ने भएको छ । कटहरीको तरकारी उत्पादक कृषि सहकारी संस्थाले किसानबाट तरकारी सङ्कलन गर्ने भएको छ । प्रदेश १ को भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमा सामाजिक विकास मन्त्री जीवन घिमिरेको अग्रसरतामा वैशाख ६ गते भएको बैठकले कटहरीको तरकारी तत्काल उठाउने निर्णय गरेको हो । सामाजिक विकास मन्त्री घिमिरे, भूमि व्यवस्था तथा सहकारी राज्यमन्त्री राम राना, सरोकारवाला व्यक्तिहरूको उपस्थितिमा बसेको बैठकले तत्काल तरकारी उठाउने

निर्णय गरेको हो । कृषकबाट तरकारी सहकारी संस्थाले सङ्कलन गरी कटहरीको तरकारी तथा फलफूल वजारमा जम्मा गरिने भएको छ ।
नेपाल मुस्लिम समुदाय विकास केन्द्र विराटनगरले १ सय २० घरपरिवारलाई राहत वितरण गरेको छ । विराटनगर महानगरपाकिा- ५, ६ र कटहरी गाउँपालिका -१ का गरी १ सय २० घरपरिवारलाई परिवारलाई १० केजी चामल, दाल, आलु, नुन, तेल लगायत खाद्यान्न वितरण गरिएको छ ।
नेपाल अग्रलवाल युवा मञ्च विराटनगरले जिल्ला प्रहरी कार्यालय मोरङलाई सेनिटाइजिङ बुथ हस्तान्तरण गरेको छ । अग्रवाल मञ्चले ४० हजार रुपियाँ बराबरको सेनिटाइजिङ बुथ वैशाख ६ गते हस्तान्तरण गरेको हो । लकडाउनका कारण नेपाल प्रहरी जनसम्पर्कमा बढी जानुपरेको हुनाले प्रहरीको स्वास्थ्य सुरक्षाका लागि सेनिटाइजिङ बुथ हस्तान्तरण गरिएको नेपाल अग्रलवाल युवा मञ्च विराटनगरका अध्यक्ष राजेश अग्रवालले बताउनुभयो ।
विराटनगरस्थित पाथीभरादेवी माता सामुदायिक भवन निर्माण समितिले विपन्न वर्गलाई खाद्यान्न वितरण गरेको छ । समितिको विराटनगर-१ कुशलटोलस्थित निर्माणाधिन सामुदायिक भवन परिसरमा ६२ परिवारलाई खाद्यान्न वितरण गरिएको हो ।
कोरोना भाइरसको सङ्क्रमण तथा रोकथाम नियन्त्रण गर्न लकडाउन गरिएको अवस्थामा मोरङको कानेपोखरी गाउँपालिका -६ मा खुल्ला रक्तदान कार्यक्रम आयोजना गरिएको छ । नेपाल आदिवासी जनजाती महासङ्घ, राष्ट्रिय युवा जागरण मञ्च र रमाइलो डायोग्नोष्टिक सेन्टरको संयुक्त आयोजनामा वैशाख ६ गते रक्तदान कार्यक्रम भएको हो । रक्तदान कार्यक्रममा ६४ प्रिन्ट रगत सङ्कलन भएको कार्यक्रम संयोजक एवम नेकपा कानेपोखरीका सचिब मनोज राजवंशीले जानकारी दिनुभयो ।
लकडाउनको आडमा बजारमा दैनिक उपभोग्य बस्तुको कृत्रिम अभावको सिर्जना गरी बढी मूल्यमा बिक्रिविरण हुन नदिन बेलवारी उद्योग वाणिज्य सङ्घले बेलवारी भित्रका सबै पसलहरूलाई मूल्य सूची सार्वजनिक गर्दै मूल्यमा एकरूपता ल्याएको छ ।

**पाँचथर जिल्ला प्रतिनिधि मङ्गल बेघा**का अनुसार वैशाख ६ गते एक जना महिला र १४ पुरूष गरी १५ जनालाई क्वारेन्टाइनमा राखिएको छ ।
फाल्गुनन्द गाउँपालिकाले ४ सय २४ घर परिवारलाई राहत वितरण गरेको छ । परिवार सङ्ख्या अनुसार चामल, नुन, तेल, दाल, साबुन लगायतका दैनिक उपभोग्य वस्तुहर वितरण गरिएको प्रशासकीय अधिकृत अनिल तिखत्रीले जानकारी दिनुभयो । स्थानीय प्रशासनले उपभोग्य सामग्री ढुवानी गर्ने सवारी साधनहरूरुलाई रातको ९ बजेपछि रोक लगाउने निर्णय गरेको छ । साथै अन्य छिमेकी जिल्ला वा बाहिरबाट आउने तरकारीहरूरुमा समेत रोक लगाउने निर्णय भएको सहायक प्रमुख जिल्ला अधिकारी निर्मल तुम्रोकले जानकारी दिनुभयो ।

**उदयपुर जिल्ला प्रतिनिधि भरत खड्का**का अनुसार कोरोना भाइरसको सङ्क्रमण बढ्दै जाँदा स्वास्थ्यकर्मीले प्रयोग गर्ने सुरक्षा सामग्री र जनशक्तिको अभाव भएको छ । वैशाख ५ गते त्रियुगा नगरपालिका -३ भुल्के मस्जिदमा १२ जनामा कोरोना भाइरस देखापरेपछि उत्पन्न परिस्थितिको सामाना गर्न स्वास्थ्य र सुरक्षाकर्मीलाई सुरक्षा सामग्री र दंक्ष जनशक्तिको अभाव देखिएको हो । स्वास्थ्यकर्मी परिचालन गर्नका लागि आवश्यक सुरक्षा कवज पीपीइ , सेनिटाइजर, मास्क, ग्लोब्स, ज्वरो नाप्ने थर्मगन जस्ता उपकरणहरूरु अभाव भएको स्वास्थ्य कार्यालयका प्रमुख मोहन सुवेदीले बताउनुभयो । जिल्लामा आएको एक सय ३० थान पीपीइ सबै स्थानीय तहलाई उपलब्ध गराईसकेको हुदा जिल्लामा मौज्दात नरहेको जानकारी दिनुभयो । प्रदेश नम्बर १ को सामाजिक विकास मन्त्रालयले पठाएको स्वास्थ्यकर्मीको टोलीले त्रियुगा नगरपालिका- ३ स्थित भुल्के मस्जिद आसपासका बस्तीका सर्वसाधरणको स्वाब परीक्षण सुरु गरेको छ । न्यापिडमा सबैको नेगेटिभ र स्वाब टेष्टमा १२ जनाको पोजेटिभ देखापरेपछि प्रदेश १ को मन्त्रालयले नमूना सङ्कलनका लागि प्रदेश ल्याव प्रयोगशालाका निर्देशक जयवीरेन्द्र यादवको नेतृत्वमा पाँच जनाको स्वास्थ्यकर्मी टोली पठाएको हो ।

**झापा जिल्ला प्रतिनिधि नरेश खाती**का अनुसार अर्जुनधारा महिला उद्यमी सङ्घ झापाले अर्जुनधारा नगरपालिकालाई दश हजार राहत प्रदान गरेको छ।
अर्जुनधारा नगरपालिका-४ मा रहेको क्वारेन्टाइममा राखिएका पाँच जना र बाहिरबाट आएका दुई जना गरी सात जनाको र्‍यापिड डाईग्योनेष्टीक टेष्ट गर्दा सबैको नेगेटिभ रिपोर्ट आएको नगर स्वास्थ्य शाखा स्वास्थ्य प्रमुख मुकुन्द बस्नेतले जानकारी दिनुभयो।
लायन्स क्लव अफ कनकाई सुरुङ्गाको टोलीले झापा गाउँपालिकाको भारतको सिमामा रहेको दक्षिण क्षेत्र सालमाराका तीन ओटा गाउँमा गएर २ सय घरपरिवारलाई चामल , दाल , तेल, नुन र साबुन प्रदान गरेको लायन्सका संस्थापक अध्यक्ष लीलाप्रसाद चिमरियाले जानकारी दिनुभयो।
शिखर बचत तथा ऋण सहकारी संस्था लिमिटेडले  कोरोना भाइरसको रोकथामका लागि बिर्तामोड नगरपालिकालाई १ लाख ५१ हजार रुपियाँ प्रदान गरेको छ।
बरपिपल बचत तथा ऋण सहकारी संस्था बुद्धशान्तिले बुद्धशान्ति गाँउपालिकाको विपद् ब्यवस्थापन कोषमा २१ हजार रुपियाँ सहयोग गरेको छ।
जिल्ला प्रशासन कार्यालय झापाको रोहवरमा चिया उत्पादक सङ्घ र चिया मजदूर प्रतिनिधिबीच वैशाख ७ गतेदेखि बगान र कारखाना सञ्चालन गर्ने सहमति भएको छ। कामदारलाई मास्क, हातधन साबुन पानी, सामाजिक दुरी कायम गराएर सुरक्षित तवरबाट काम सुचारु गर्ने सहमति भएको पराजुलीले बताउनुभयो।

**ताप्लेजुङ जिल्ला प्रतिनिधि देवराज गुरुङ**का अनुसार वैशाख ६ गते ११ जनाको र्‍यापिड डाइग्नोस्टिक टेस्ट (आरडीटी) रिपोर्ट नेगेटिभ आएको छ। सिदिङ्मा गाउँपालिकास्थित भन्ज्याङ माविमा ११ जनामा वैशाख ६ गते गरिएको परीक्षणमा नेगेटिभ रिर्पोट आएको हो। जिल्लामा आरडिटी परीक्षण ६१ जनाको भएको छ। फुङलिङ नगरपालिकामा २५ जना,मेरिङदेन गाउँपालिकामा १५,पाथीभरा याङवरक गाउँपालिकामा ६ र फक्ताङलुङ गाउँपालिकामा चार जना तथा सिदिङ्मा गाउँपालिकामा ११ जना गरी ६१ जनाको परीक्षण गरिएको जिल्ला अस्पतालका प्रमूख डा.सोनिङ लामाले जानकारी दिनुभयो।
जिल्लामा कैलाश एयरको हेलिकप्टरले वैशाख ५ गते ७५ थान व्यक्तिगत सुरक्षा सामाग्री (पीपीई) ल्याएको छ। संस्कृती,पर्यटन तथा नागरिक उड्यन मन्त्री योगेश भट्टराईले समन्वय गरी पठाएको सामग्री हेलिकप्टरले ल्याएको हो। जिल्लामा निर्माणाधिन ७३ मेगावाट क्षमताको सानीमा मध्य तमोर जलविद्युत परियोजनाले ३ लाख ५० हजार रुपियाँ राहत कोषमा जम्मा गरेको छ ।
जिल्ला प्रहरी कार्यालयले लकडाउन उल्लङ्घन गरेकाले १४ ओटा मोटरसाइकल, दुई ओटा जीप र तीन ओटा ट्याक्टर नियन्त्रणमा लिएको छ। लकडाउन अवधि सकिएपछि मात्र सवारी साधन सम्बन्धित धनीलाई दिइने प्रहरीले जनाएको छ।

**सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्की**का अनुसार वैशाख ६ गतेसम्म ५२ जनाको र्‍यापिड डायग्नोस्टिक टेस्ट भएको स्वास्थ्य कार्यालयका प्रवक्ता रोशन श्रेष्ठले जानकारी दिनुभयो। र्‍यापिड डायग्नोस्टिक टेस्ट गरिएको सबै जनाकै रिपोर्ट नेगेटिभ आएको प्रवक्ता श्रेष्ठले बताउनु भयो। ६ गते जिल्ला अस्पताल खाँदबारीमा दुई जनाले मात्र ज्वरो क्लिनिकमा जाँच गराएका छन्। ६ गते क्वारेन्टाइन र होम क्वारेन्टाइनमा बस्ने सङ्ख्या शून्य रहेको छ। हालसम्म धर्मदेवी,मादी, चैनपुर र पाँचखपन नगरपालिकामा विदेशबाट आएकाको र्‍यापिड डायग्नोस्टिक टेस्ट गरिसकेको स्वास्थ्य कार्यालयले जनाएको छ। सङ्खुवासभाका प्रवेश गर्ने सम्पूर्ण नाका बन्द गरिएको छ। नाकाहरूमा स्वास्थ्यकर्मी सहितको हेल्प डेक्स स्थापना भएको छ।

**सुनसरी जिल्ला प्रतिनिधि जयकृष्ण यादव**का अनुसार काठमाण्डौको पेप्सीकोलास्थित सनसिटी अपार्टमेन्टमा बसोबास गर्ने तीन जना कोरोना भाइरस सङ्क्रमित परिवारसँगै यात्रा गर्नेहरू मध्ये आठ जना सुनसरीवासी रहेको जानकारी सार्वजनिक भएको छ।
बेलायतबाट कतार एयरवेजको क्यु आर ६४४ फ्याईटमा मार्च २० तारेखका दिन नेपाल आएका मध्ये आठ जना सुनसरीका रहेको विवरण सुनसरी प्रहरीलाई आएपछि उनीहरूको खोजी सुरू गरिएको छ। डिएसपी यज्ञविनोद पोखरेलले कोरोना सङ्क्रमित बिरामीको ट्राभल हिस्ट्रीका आधारमा जिल्ला प्रहरी प्रहरी कार्यालय

इनरूवाले खोजी सुरू गरी फेला परेकालाई क्वारेन्टाइनमा राख्न थालेको बताउनुभयो । क्यु आर ६४४ फ्याईटमा मार्च २० तारेखका दिन नेपाल आएका मध्ये इनरूवा, डुम्राहा, गौतमपुर, पश्चिम कुशाहा, रामगञ्ज वेलगछिया, सिगिया, धरान र इटहरी ठेगाना भएका सुनसरीका स्थानीयहरू रहेका छन् ।
लकडाउनले सवारी साधन बन्द भएपछि गन्तव्यमा जान नपाएर भोक भोकै पैदल हिँडेका बटुवाहरूलाई इनरूवाका समाजसेवी तथा स्थानीयले खानेकुरा दिन थालेका छन । इनरूवा -३ सखुवागाछीस्थित इनरूवा ट्राफिक पोष्टमार्फत पूर्व पश्चिम राजमार्गमा भोकै हिँडेका बटुवाहरूलाई चाउचाउ र एक बोतल पानी दिएर भोक प्यास मेटाउन सहयोग गरेका हुन् ।
उदयपुरको भुल्के मस्जिदमा कोरोना सङ्क्रमित १२ जनासँगै दश दिन बसेका सुनसरीका एक जना जमातीलाई वैशाख ६ गते भोक्राहा नरसिंहबाट स्थानीयहरूले प्रहरीको जिम्मा लगाईदिएका छन् । भोक्राहा नरसिँह गाँउपालिका- ५ का ४६ वर्षीय युसुफ मियाँ कोरोना सङ्क्रमित १२ जना भारतीय नागरिकहरूसँगै विभिन्न मस्जिदहरू घुम्दै उदयपुरको भुल्के मस्जिदमा दश दिन बसेर घर फर्किएको भन्दै प्रहरीको जिम्मा लगाएको हो । भुल्के मस्जिदमा कोरोना सङ्क्रमित भेटिएको घटना सार्वजनिक भएपछि भोक्राहा नरसिह गाँउपालिका-५ स्थित बाबा पेपर मिल्स नजिकका स्थानीय नेपाल मुस्लिम सङ्घ प्रदेश १ का सभापति हाजी इसराइल मन्सुरीलाई खबर गर्नुभएको थियो ।
सुनसरीमा कोरोना सङ्क्रमितलाई राख्न बनाइएको क्वारेन्टाइनमा आवश्यक पर्ने विभिन्न सामग्रीहरू सुनसरी प्रशासनलाई हस्तान्तरण गरिएको छ । कोरोना भाइरसको सङ्क्रमित आशङ्का गरिएका र विदेशबाट आएकाहरूलाई राख्न निमार्ण गरिएका जिल्लाका क्वारेन्टाइनमा वर्ल्ड भिजन इन्टरनेशनल विराटनगर र सेभ द अर्थ सुनसरीले आवश्यक सामानहरू दिएको हो ।
सुनसरीमा लकडाउन तोड्नेलाई सडकमै कारबाही थालेको छ । जिल्ला प्रहरी कार्यालय सुनसरीले जिल्लाका विभिन्न स्थानबाट सडकमा लकडाउन उल्लङ्घन गरी हिड्ने ९८ जनालाई नियन्त्रणमा लिएर कारबाही गरेको हो ।
सुनसरी प्रशासनले वैशाख ६ गतेदेखि ८ गतेसम्म अघोषित कर्फ्यु सरह सर्वसाधरणहरूलाई घरबाहिर ननिस्कन र बजार पसलमा नखोल्न माइकिङ्ग आह्वान गरेको छ ।

**भोजपुर जिल्ला प्रतिनिधि गणेश विष्ट**का अनुसार कोरोना सङक्रमण नियन्त्रण तथा रोकथामका लागि जिल्ला प्रशासन कार्यालय भोजपुरले स्थानीय तहसँगको सहकार्यमा सक्रियता बढाएको छ । प्रशासनले डाक्टरहरू र सुरक्षाकर्मीका प्रमुखसहित जिल्लाका दक्षिणी भेगका स्थानीय तहले कोरोना रोकथामका लागि बनाएका क्वारेन्टाइन वेड र आइसोलेसन वार्डको स्थलगत अनुगमन गरेको हो । प्रमुख जिल्ला अधिकारी, सुरक्षाकर्मीका प्रमुख र स्वास्थ्य कार्यालय भोजपुरका प्रमुख सहितको टोलीले रामप्रसादराई, आमचोक र हतुवागढी गाउँपालिकामा कोरोना भाइरस रोकथामका लागि सञ्चालन भईरहेका गतिविधिको विषयमा स्थलगत रुपमा अनुगमन गरेको हो ।
जिल्लाको हतुवागढी गाउँपालिकाको केन्द्र घोडेटार बजार पूर्ण रूपमा बन्द गरिएको छ । गाउँपालिका छिर्ने सम्पूर्ण नाकाहरू गर्ने निर्णय गरिएको गाउँपालिका अध्यक्ष प्रेम कुमार राईले बताउनु भयो ।
कोरोना भाइरसको सङ्क्रमण हुन नदिनका लागि सुरू भएको लकडाउनका कारण बिहान बेलुका छाक टार्न नपाएर समस्यामा परेकालाई साल्पासिलिछो गाउँपालिकाका अध्यक्ष महेश राईले.व्यक्तिगत रूपमा खाद्यान्न सहयोग गर्नु भएको छ ।

**खोटाङ जिल्ला प्रतिनिधि रामधन राई**का अनुसार खोटाङमा थप तीन जनालाई क्वारेन्टाइनमा राखिएको छ । दिक्तेलरुपाकोट मझुवागढी नगरपालिकाको क्वारेन्टाइनमा एक जना र खोटेहाङ गाउँपालिकाको क्वारेन्टाइनमा वैशाख ६ गते दुई जना थपिएका हुन् । वीरगञ्जबाट दिक्तेलरुपाकोट मझुवागढी नगरपालिका-७ दोर्पाचिउरीडाँडा आइपुगेका ४५ वर्षीय व्यक्तिलाई वैशाख ५ गतेदेखि दिक्तेलको माटिकोरेमा निर्माण गरिएको क्वारेन्टाइनमा राखिएको नगरप्रमुख दिपनारायण रिजालका राजनीतिक सल्लाहकार कमल ढकालले जानकारी दिनुभयो । खोटेहाङ गाउँपालिकाको क्वारेन्टाइनमा दुई जना थपिएका छन् । काठ्माण्डौंबाट आएका

दुई जनालाई वैशाख ५ गतेदेखि खोटेहाङ गाउँपालिका-४ बड्कादियालेस्थित भाषा आधारभुत विद्यालयको क्वारेन्टाइनमा राखिएको हो ।

हलेसीतुवाचुङ नगरपालिकामा कोरोना भाइरस रोकथाम तथा व्यवस्थापनका क्रममा खटिएका स्वास्थ्यकर्मीको मृत्यु भएमा आश्रित परिवारलाई १० लाख रुपैंयाँ दिने निर्णय गरिएको छ। नगरपालिकाले कोरोना भाइरसको रोकथाम तथा व्यवस्थापनका क्रममा खटिएका स्वास्थ्यकर्मी र कार्यालय सहयोगीलाई प्रोत्साहन भत्ता सम्वन्धी कार्यविधि तयार पारेर प्रोत्साहन भत्ता प्रदान गर्ने निर्णय गरिएको नगर प्रमुख राईले वताउनुभयो ।

दिप्रुङ चुईचुम्मा गाउँपालिकाले शहरमा 'लकडाउन'को मारमा परेकालाई राहतको प्याकेज ल्याएको छ । गाउँपालिकाबाट काठमाडौं, विराटनगर, धरान लगायत जिल्लाभन्दा बाहिरका शहर बजारमा 'लकडाउन'को मार खेपिरहेका श्रमिक तथा विद्यार्थीहरुका लागि गाउँपालिकाले डेरा-डेरामै राहत पुऱ्याईदिने प्याकेज ल्याएको हो ।

सरकारले लगाएको 'लकडाउन'का कारण शहर बजारमा बिचल्नीको अवस्थामा पुगेका आफ्नो गाउँपालिकाका श्रमिक मजदुर तथा विद्यार्थी लगायतको सहजताका लागि राहतका प्याकेज ल्याइएको गाउँपालिकाका अध्यक्ष भूपेन्द्र राईले बताउनुभयो ।

**इन्सेक प्रदेश १ कार्यालय, विराटनगर**